# कमल राजपत्र

**कमल गाउँपालिका**

**गाउँकार्यपालिकाद्वारा प्रकाशित**

**वर्ष ३, अंक २, मिति २०७६/०४/०१**

# भाग: २

## व्यवसाय प्रवर्धन घुम्ती कोष सञ्चालन कार्यविधि २०७६

**नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ र कमल गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ बमोजिम बनाएको यो ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# व्यवसाय प्रवर्धन घुम्ती कोष सञ्चालन कार्यविधि २०७६

## प्रमाणित मिति : २०७६/०४/०१

**प्रस्तावनाः**

कमल गाउँपालिका भित्रका कृषि, पशुपालन तथा अन्य व्यवसाय संचालन गर्न पुँजी तथा सिपको अभावलाई परिवर्तन गरी स्थानीय स्तरमा उपलब्ध स्रोत तथा जनशक्तिको प्रयोग गरी यहिँ रोजगारीका अवसर सिर्जना गर्दै गरिवी न्युनिकरण गर्ने र दिगो विकासको लक्ष्य हासिल गर्न युवाहरुमा रहेको क्षमता र सिपको अधिकतम उपयोग गर्दै रोजगारीको अवसर सृजना गरी आय आर्जन गर्न स्थानीय कृषि तथा अन्य व्यवसाय प्रवर्धन ऐन २०७६ द्वारा स्थापित व्यवसाय प्रवर्धन कोषको प्रभावकारी संचालनार्थ स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा २ तथा कमल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न वनेको ऐन २०७५ को दफा ४(१) ले दिएको अधिकार अन्तर्गत **"व्यवसाय प्रवर्धन घुम्ती कोष सञ्चालन कार्यविधि २०७६"** स्वीकृत गरि जारी गरिएको छ।

### परिच्छेद-१ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **"व्यवसाय प्रवर्धन घुम्ती कोष सञ्चालन कार्यविधि २०७६"** रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) व्यवसाय प्रवर्धन घुम्ती कोष भन्नालेः कृषि, पशु तथा अन्य क्षेत्रमा स्थानीय रोजगारीका अवसरहरुलाई सृजना गरी प्रवर्द्धन गर्न कमल गाउँपालिकाबाट स्वीकृत भइ संचालनमा रहेको व्यवसाय प्रवर्धन कोष सम्झनु पर्छ ।

ख) वीउ पुँजी भन्नालेः कमल गाउँपालिका भित्रका लगानी क्षमता न्युन भएका तथा नभएका युवा शक्तिलाई कृषि, पशु तथा अन्य क्षेत्रमा स्वरोजगार वनाउने गरी गाउँपालिकाबाट स्थापना गरीएको व्यवसाय प्रवर्धन कोषबाट कृषक वा व्यवसायीलाई नियमानुसार पछि गाँउपालिकामा फिर्ता गर्ने गरी व्याज अनुदानमा उपलब्ध गराइएको रकम सम्झनु पर्छ।

ग. कार्यविधि भन्नालेः कमल गाउँपालिका अर्न्तगत सञ्चालित "व्यवसाय प्रवर्धन घुम्ती कोष संचालन कार्यविधी २०७६" लाई सम्झनु पर्दछ।

घ. समिति भन्नालेः कमल गाउँपालिका भित्र गठित व्यवसाय प्रवर्धन घुम्ती कोष संचालक समिति भन्ने सम्झनु पर्दछ।

ङ. परियोजना भन्नालेः व्यवसाय प्रवर्धन कार्यक्रमको लागि तयार पारिएको प्रस्ताव सम्झनु पर्दछ।

च. कार्यक्रमका लक्षित वर्ग भन्नाले : लक्षित समुदाय भनि परिभाषित गरिएका महिला तथा बालबालिका, आदिवासी, जनजाती, दलित, अपांग, पिछडिएको समुदाय आदि सबै समुह र गाउँपालिका भित्र स्थायी वसोवास गर्ने १८ देखी ५० वर्ष भित्रका लगानी क्षमता न्युन भएका अन्य युवा वर्ग भनि सम्झनु पर्दछ।

छ. व्याज अनुदान भन्नाले : परियोजना संचालन गर्न गाँउपालिकाले उपलब्ध गराएको बीउ पुँजीमा लाग्ने व्याज उद्यमीबाट गाउँपालिकाले नलिने भन्ने सम्झनुपर्छ।

झ "स्कीम/परियोजना" भन्नाले : कृषि उपज (फलफुल खेती/पुष्प खेती समेत ) तथा पशु तथा पंक्षी पालन व्यवसाय सञ्चालन तथा बजार प्रवर्द्धन र कार्यक्रम सञ्चालनका लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्दछ।

ञ. पशु विकास कार्यक्रम सञ्चालन भन्नाले : कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक पशु (व्यावसायिक गाई/भैंसी/बंगुरपालन, व्यवसायिक खसी/बाख्रा र पशुपंक्षी/माछापालन) उत्पादन तथा

बजार प्रबर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

३. **कार्यक्रमको उदेश्य तथा प्रभावः** यस कार्यक्रमको मुख्य उद्देश्य कमल गाउँपालिका भित्रका बेरोजगार भइ पुँजीको अभावमा आय आर्जन गर्नबाट बञ्चित युवाहरुलाई स्थानीय रुपमा नै कृषि, पशुपंक्षी तथा अन्य क्षेत्रमा रोजगारीका अवसर सिर्जना गराई गाउँ छाडेर विदेश या देश भित्रका अन्य भागमा जानुपर्ने वाध्यताबाट मुक्त गराउनु रहेको छ भने प्रभावहरु तपशिल वमोजिम हुनेछन् ।

- कार्यक्रम सञ्चालन भएपछि युवाहरु आफ्नै गाउँ ठाउँमा स्वरोजगार हुनेछन ।
- युवाहरुमा उद्यमशिलता बढ्ने छ ।
- नयाँ पुस्तामा गाउँमै अवसरहरु प्राप्त छन् भन्ने सन्देश प्रवाहित हुनेछ ।
- युवा पलायन रोकिने छ ।
- स्थानीय स्रोतको उच्चतम प्रयोग भै समग्र ग्रामिण अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने छ ।
- गरिवी निवारणमा महत्वपुर्ण सहयोग पुग्नेछ ।
- “समृद्ध कमल हाम्रो सरोकार” भन्ने नारालाई सफल पार्न सहयोग पुग्नेछ ।

## परिच्छेद -२
## समिति गठन :

४. **कोष संचालक समिति** : व्यवसाय प्रवर्धन कोष सञ्चालनका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा तपशिल वमोजिमको व्यवसाय प्रवर्धन कोष सञ्चालक समिति गठन गरिने छ ।

- गाउँपालिकाका अध्यक्ष — संयोजक
- गाउँपालिका उपाध्यक्ष — सह-संयोजक
- आर्थिक विकास समिति संयोजक सदस्य — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

५. **प्रस्तावहरुको मुल्यांकन तथा स्वीकृति गर्ने समिति** : व्यवसाय प्रवर्धन कोष मार्फत कार्यक्रम सञ्चालनका लागि गाउँपालिका

अध्यक्षको नेतृत्वमा बीउ पुँजी वितरणको लागि देहाय बमोजिमको एक प्रस्ताव मुल्यांकन तथा छनौट समिति रहने छ ।

| | |
|---|---|
| ● गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ● गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ● सम्वन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ● सम्वन्धित शाखा प्रमुख | सदस्य |
| ● सहकारी प्रतिनिधी | सदस्य |
| ● गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

६. **अनुगमन सम्वन्धी व्यवस्था :** व्यवसाय प्रवर्धन कोष सञ्चालन कार्यक्रमबाट छनौट भएका उद्यमी (स्वरोजगार वनेका) युवाहरुले प्राप्त गरेको रकमबाट प्रस्तावित कार्यक्रममा पुँजी लगानी गरे नगरेको विषयमा अनुगमन गर्नको लागि तपशिल वमोजिमको अनुगमन समिति गठन गरिनेछ । दोश्रो किस्ताको लागि समेत अनुगमन समितिको प्रतिबेदन आवश्यक पर्नेछ ।

| | |
|---|---|
| ● गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ● सहकारी प्रतिनिधी | सदस्य |
| ● सम्बन्धित शाखाको प्रतिनिधि | सदस्य |
| ● उद्यमी रहेको वडाका वडा अध्यक्ष | सदस्य |
| ● योजना शाखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद -३

## कार्यक्रम संचालन प्रकृया :

७. प्रस्ताव आह्वान :

१८ वर्ष पुरा भई ५० वर्ष ननाघेका युवाहरुले व्यवसाय प्रवर्धन कोषबाट व्याज अनुदानमा वीउ पुँजी प्राप्त गरी स्वरोजगार वन्ने कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरुको लागि स्थानीय सञ्चार माध्यम, पत्रपत्रिकामा सूचना प्रकाशित गरी गाउँपालिकामा पेश गर्ने गरी प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम स्थानीय स्तरको दैनिक पत्रिकामा/स्थानीय पत्रिकामा

वा कार्यालयहरुले १५ दिने सुचना प्रकाशन गर्ने छन् । साथै अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ३ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

८. सुचना सार्वजनिक भएको १५ दिन भित्र यस्तो कार्यक्रममा सहभागि हुन चाहने युवा तथा व्यवसायीले आफुले गर्न चाहेको काम, पेशा, व्यबसाय खुलाएर, त्यसको अनुमानित लागत, थप रकम आवस्यक पर्ने भए त्यसको स्रोत, सम्भावित आय समेत खुलाएर आवेदन दिनु पर्ने छ ।

९. प्रस्ताव आव्हान पछि पर्न आएका प्रस्तावित परियोजनाको आवेदनहरु उपर सम्वन्धित शाखा प्रमुख र सम्वन्धित सहकारीको प्रतिनिधी र सम्वन्धित वडाध्यक्षको संयुक्त फिल्ड भिजिट पछि को प्रतिवेदन तथा सम्भाव्यता र सान्दर्भिकताको आधारमा प्राथमिकता निर्धारण गरिनेछ । त्यसपछि बुँदा ५ बमोजिमको समितिबाट मुल्याँकन भइ स्वीकृत भएका कार्यक्रम/ परियोजनाहरुका निबेदकहरुलाई मात्र कार्यक्रमको उदेश्य र संचालन विधीबारे जानकारी गराइने छ ।

१०. स्वीकृत भइ छनौट भएका उद्यमीहरुलाई सम्वन्धित सहकारीले आफ्नो सहकारी नियम अनुसार को प्रकृया पुरा गरी ऋण लगानीको लागि गाउँपालिका समक्ष सिफारिस गर्नेछ ।

११. सहकारीबाट सिफारिस भएका सम्पुर्ण व्यक्तिहरुलाई प्रवाह हुने कार्यक्रम अनुसारको तोकिएको बमोजिमको रकम एकमुष्ठ रुपमा गाउँपालिकाले सम्वन्धित सहकारीलाई विवरण सहित उपलब्ध गराउनेछ ।

१२. गाउँपालिकाबाट सहकारीको सिफारिसमा लगानी गरिएको रकम असुल उपर गर्ने जिम्मा पनि सम्वन्धित सहकारीकै हुनेछ । यसरी गाउँपालिकासँग समन्वयात्मक ढंगबाट सहभागिता जनाइ कार्यक्रम मुल्यांकन तथा छनौट, सिफारिस, ऋण लगानी तथा असुली गरे बापत गाउँपालिकाले सम्वन्धित सहकारीलाई लगानी सिफारिस गरी असुली गरेको रकमको ५ प्रतिशत रकम संचालन

खर्च बापत उपलब्ध गराउनेछ ।

१३. सहकारीको नियमानुसार हुने : सहकारीले यस कोष अन्तर्गतको रकम लगानी तथा असुली गर्दा सेयर सदस्य नभएकाहरुको हकमा रु १०० बराबरको सेयर खरिद गराइ सदस्य बनाइ सहकारीको आफ्नो नियमानुसार गर्नेछ तर सामुहिक व्यवसाय हकमा रकमको हद गाउँपालिकाले निर्णय गरे अनुसार सहकारीले आफ्नो नियमानुसार हुने गरी गर्नेछ, साथै ऋण लगानी तथा असुली प्रकृया  सामुहिक तथा व्यक्तिगत दुवै प्रकारको ऋणमा समान रुपमा लागु हुनेछ ।

१४. व्याज सम्वन्धमा : व्यवसाय प्रवर्धन घुम्ती कोषको रकम लगानी गर्दा शुरुमा कृषक तथा व्यवसायीले १० प्रतिशत का दरले व्याज तिर्नुपर्नेछ । तर नियमित रुपमा सम्पुर्ण किस्ता तिर्ने ऋणीलाई व्याज वापत लिएको सम्पूर्ण रकम एकमुष्ठ रुपमा कार्यक्रम अवधि सकिएपछि फिर्ता गरिनेछ । पुनश्चः नियमित किस्ता नतिर्नेको हकमा भने सहकारीले आफ्नो नियमानुसार गर्नेछ । फिर्ता नभएको ब्याज बापतको रकम सहकारीले गाउँपालिकाको घुम्ती कोषमा जम्मा गर्नुपर्नेछ ।

१५. कार्यक्रममा सहभागिताका लागि आवेदन दिने युवा कमल गाउँपालिकाको स्थायी वासिन्दा हुनुपर्नेछ । कार्यक्रममा सहभागिको उमेर १८ बर्ष देखि ५० बर्ष भित्र हुनुपर्ने छ । यस कार्यक्रम अन्तर्गत सहभागि युवाले परियोजना यसै गाउँपलिका भित्र मात्रै सञ्चालन गर्न पाउनेछन् ।

१६. बीउ पुँजी प्राप्त गरी रोजगार सम्वन्धी काम र योजनाका लागि गाउँपालिकावाट एक पटक बीउ पुँजी प्राप्त गरी कार्यक्रम संचालन गर्ने उद्यमीले आफ्नो कार्यक्रम/परियोजनाको अन्त्य सम्ममा वार्षिक तोकिएको प्रतिशतका दरले परियोजना/कार्यक्रम अवधि भित्र उक्त पुँजी फिर्ता गरी सक्नु पर्नेछ । बीउ पुँजी बापतको रकम फिर्ता भइसकेपछि गाउँपालिकाको सिफारिसमा सहकारीले रोक्का राखेको सम्पती फुकुवा गरिदिनु पर्नेछ ।

१७. प्राथमिकता दिनुपर्ने : कार्यक्रममा सहभागिताका लागि निवेदकको

आर्थिक अवस्था र सृजनशिलताको आधारमा प्राथमिकता तोकिने छ । यस्तो विश्लेषणको आधार फिल्ड भिजिट समितिले दिएको प्रतिवेदनको आधारमा हुनेछ ।

१८. विभिन्न लक्षित समुदाय अन्तर्गतका व्यवसाय प्रवर्धन घुम्ती कोषमा छुट्याइएका रकमबाट पनि यिनै र यस्तै परियोजना अन्तर्गत मात्र कार्यक्रम बनाइ खर्च गरिनेछ ।

१९. यो व्यवसाय प्रवर्द्धन घुम्ती कोषको संचालन गाउँपालिकाले सहकारीहरुसंग सम्झौता गरी संचालन गर्नेछ ।

## परिच्छेद-४
## सामान्य नियमहरु

यस कोष अन्तर्गत लगानी हुने सबै प्रकारका कार्यक्रमहरुमा देहाय बमोजिमका शर्तहरु समान रुपमा लागु हुनेछन् ।

१. व्यवसाय संचालन गर्दा छरछिमेकलाई असर नपर्ने गरी संचालन गर्नुपर्नेछ ।
२. व्यवसाय संचालन गर्दा बालबालिकाको  श्रम प्रयोग गर्न पाइने छैन ।
३. संचालन गरिने हरेक व्यवसाय विमा गरिएको हुनुपर्नेछ ।
४. वातावरणीय दृष्टिकोणले सफा र सवै फोहोरको व्यवस्थापन भएको हुनु पर्नेछ ।
५. सकेसम्म स्थानिय कामदारलाई रोजगार दिईएको हुनुपर्ने छ ।
६. सकेसम्म कार्यक्रम चक्लाबन्दीमा वा एउटै कम्पाउण्ड भित्र संचालन भएको हुनुपर्नेछ ।
७. कृषि कार्यमा प्रागांरिक मल र जैविक विषादि प्रयोग गरेको हुनुपर्नेछ ।
८. कार्यक्रमको लागि तोकिएको न्युनतम शर्त पुरा गरेको हुनुपर्नेछ ।
९. गाउँपालिकामा तिर्नुपर्ने सबै प्रकारका करहरु चुक्ता गरेको हुनुपर्नेछ।
१०. व्यवसायिले गाउँपालिकामा नियमानुसार फर्म दर्ता गरेको हुनुपर्नेछ।
११. कमल गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवम् संसोधन गर्न सक्ने छ ।

## परिच्छेद-५
## व्यवसायिक तरकारी खेती कार्यक्रम

१. व्यवसायिक तरकारी खेती कार्यक्रम देहाय बमोजिम हुनेछ ।

१. स्कीम अवधि : यो कार्यक्रम १ वर्षको अवधिसम्म सञ्चालन हुनेछ ।

२. व्यावसायिक तरकारी खेती गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्नेछ ।

**निम्न**

- व्यवसायिक तरकारी खेती गर्ने जग्गाको लाल पूर्जा फर्म/व्यक्तिको नाममा भएको वा कम्तीमा ५ वर्षको भाडा सम्झौता गरेको करारनामा हुनु पर्नेछ ।
- व्यवसायिक तरकारी फर्मले आवश्यकता अनुसार प्लाष्टिकको प्लास्टीक घर निर्माण गरी बेमौसमी तरकारी खेती गर्न सक्नेछन । यस्तो खेती वर्षभरी गरेको हुनुपर्नेछ ।
- जग्गाको क्षेत्रफल ५कट्ठा भन्दा माथि हुनुपर्ने छ ।

३. कार्यक्रमका लागि उपलब्ध गराईने बीउ पुंजी रकम :

न्युनतम रु. ५०,०००/- देखि अधिकतम रु.२,००,०००/- सम्म बीउ पूँजी ।

## परिच्छेद-६
## व्यवसायिक च्याउ खेती कार्यक्रम

१. व्यवसायिक च्याउ खेती कार्यक्रम देहाय बमोजिम हुनेछ।
   १) कार्यक्रम संचालन अवधि : यो कार्यक्रमको अवधि १ वर्षको हुनेछ।
   २) व्यवसायिक च्याउ खेती गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ।

   **निम्न**

   - व्यावसायिक च्याउ खेती गर्ने जग्गाको लालपुर्जा, फर्म वा संचालकको नाममा हुनुपर्ने छ अथवा सम्वन्धित जग्गा दातासँग फर्मले जग्गा भोगचलनको लागी कम्तीमा ५ बर्षको लागी भाडामा सम्झौता भएको हुनु पर्ने छ।
   - एउटा व्यवसायिक खेती फर्ममा १० मिटर चौडाई १० मिटर लम्वाईको न्युनतम ३ प्लास्टीक घर हुनुपर्नेछ।

२. कार्यक्रमबाट उपलब्ध गराइने बीउ पुँजी रकम :
मापदण्ड पुगेको व्यावसायिक च्याउ खेती गर्ने फर्मलाई न्युनतम रु ५०,०००/- अधिकतम रु २,००,०००/- बीउ पुँजी उपलव्ध गराइने छ।

## परिच्छेद-७
## व्यवसायिक आलुखेती कार्यक्रम

१. व्यवसायिक आलु कार्यक्रम देहाय बमोजिम हुनेछ ।

१) स्कीम अवधि : यो कार्यक्रम १ वर्षको अवधिसम्म सञ्चालन हुनेछ ।

२. व्यावसायिक आलुखेती गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ ।

**निम्न :**

- व्यवसायिक आलुखेती गर्ने जग्गाको लालपूर्जा फर्मको नाममा भएको वा कम्तीमा ५ वर्षको भाडा सम्झौता गरेको करारनामा हुनु पर्नेछ ।
- एउटा व्यवसायिक आलुखेती फर्ममा १ विघा भन्दा माथि हुनु पर्नेछ ।

३. कार्यक्रमका लागि उपलब्ध गराईने बीउ पुँजी रकम :

न्युनतम रु ५०,०००/- देखि अधिकतम रु.२,००,०००/- सम्म बीउ पुँजी उपलब्ध गराइने छ ।

## परिच्छेद-८
## व्यवसायिक मौरिपालन कार्यक्रम

१. व्यवसायिक मौरीपालन कार्यक्रम देहाय बमोजिम हुनेछ।

१) कार्यक्रम संचालन अवधि : यो कार्यक्रम १ वर्षको अवधिसम्म सञ्चालन हुनेछ।

२) व्यावसायिक मौरीपालन गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ।

**निम्न :**

- मौरी पालन गर्ने जग्गाको लालपुर्जा, फर्म/व्यक्ति वा संचालकको नाममा हुनुपर्ने छ अथवा सम्वन्धित जग्गा दातासँग फर्म/व्यक्तिले जग्गा भोग चलनको लागी कम्तीमा ५ बर्षको लागी भाडामा सम्झौता भएको हुनु पर्ने छ।
- एउटा व्यवसायिक मौरी फर्मका ५० वटा भन्दा वढी घारमा मौरीपालन गर्नु पर्नेछ।

३. कार्यक्रमबाट उपलब्ध गराइने बीउ पुँजी रकम :

(१) मापदण्ड पुगेको व्यावसायिक मौरीपालन गर्ने फर्मलाई न्युनतम रु.१,००,०००/- अधिकतम रु.२,००,०००/- बीउ पुँजी उपलब्ध गराइने छ।

२. मौरीका घारहरु आधुनिक हुनुपर्ने छ।

४. फर्म सुद्रढीकरण सम्बन्धि कार्यहरु:

विभिन्न आधुनिक औजारहरु (महदानी, पञ्जा, झोला, टोपी, रानी गेट आदी) प्रयोग गरेको हुनुपर्ने।

## परिच्छेद-९
## व्यवसायिक पुष्प खेती कार्यक्रम

१. व्यवसायिक पुष्प खेती कार्यक्रम देहाय बमोजिम हुनेछ ।

१.१) स्कीम अवधि : यो कार्यक्रम अधिकतम १२ महिना अवधिसम्म सञ्चालन हुनेछ ।

१.२) व्यावसायिक पुष्प खेती गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्नेछ ।

**निम्न**

व्यवसायिक पुष्प खेती गर्ने जग्गाको लालपूर्जा फर्म/व्यक्तिको नाममा भएको वा कम्तीमा ५ वर्षको भाडा सम्झौता गरेको करारनामा हुनु पर्नेछ ।

- व्यवसायिक तरकारी फर्मले आवश्यकता अनुसार प्लासटिकको प्लास्टीक घर निर्माण गरी बेमौसमी पुष्प खेती गर्न सक्नेछन ।
- जग्गाको क्षेत्रफल ५कट्ठा भन्दा माथि हुनुपर्ने छ
- यस्तो खेती वर्षभरी गर्नुपर्नेछ ।
- प्लास्टिक टनेल निर्माण गरी पुष्पखेती गर्नुपर्नेछ ।

२. कार्यक्रमका लागि उपलब्ध गराईने बीउ पुंजी रकम :

प्राबीधिक मुल्याङकन अनुसार अधिकतम रु.१,००,०००/- सम्म बीउ पूँजी ।

# परिच्छेद-१०

## व्यवसायिक फलफुल खेती कार्यक्रम

१. व्यवसायिक फलफुल खेती कार्यक्रम देहाय बमोजिम हुनेछ ।

१.१) स्कीम अवधि : यो कार्यक्रमको अवधि अधिकतम २ वर्ष को हुनेछ ।

१.२) स्कीमका लागि क्षेत्र छनौटका आधारहरु : व्यवसायिक फलफुल खेती (आँप, लिचि, कागती, अम्बा, भुईकटहर, मेवा, केरा आदि) का लागी संभाव्य भएका क्षेत्रहरुको छनौट गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

१.३) व्यावसायिक फलफुल खेती (आँप, लिचि, कागती, अम्बा, भुईकटहर, मेवा, केरा, आदि) खेती गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्नेछ ।

**निम्न**

- व्यवसायिक फलफुल खेती गर्ने जग्गाको लालपूर्जा फर्म/व्यक्तिको नाममा भएको वा कम्तीमा १० वर्षको भाडा सम्झौता गरेको करारनामा हुनु पर्नेछ ।
- जग्गाको क्षेत्रफल १० कट्ठा भन्दा माथि हुनुपर्ने छ ।

२. कार्यक्रमका लागि उपलब्ध गराईने बीउ पुँजी रकम :

न्युनतम रु.१,००,०००/- देखि अधिकतम रु.२,००,०००/- सम्म बीउ पूँजी ।

## परिच्छेद- ११
## व्यवसायिक पशुपालन ( गाइ/भैंसी/राँगा/बंगुरपालन) कार्यक्रम

१. व्यावसायिक पशुपालन कार्यक्रम देहाय बमोजिम हुनेछ ।

१) स्कीम अवधि : यो कार्यक्रम को अवधि २ वर्षको  हुनेछ । बंगुरपालनको लागि कार्यक्रम अबधि १ वर्ष ६ महिनाको हुनेछ ।

**निम्न:**

- फर्म राख्ने जग्गाको लाल पूर्जा फर्मको नाममा भएको वा कम्तीमा १० वर्षको भाडा सम्झौता गरेको करारनामा हुनु पर्नेछ ।
- गाउँ वस्ती, कृषि क्षेत्रमा आफुले पालेको पशु छाडा छोड्न पाईने छैन ।
- एउटा फर्ममा कम्तीमा ५ देखि माथि उन्नत जातको माउ पशु हुनुपर्ने छ ।
- फर्ममा भएको सवै पशुहरुको आधिकारीक ट्याग नम्बर सहितको अभिलेख गाउँपालिका को पशु सेवा शाखामा पेश गर्नु पर्ने छ ।

३. कार्यक्रमका लागि उपलब्ध गराईने बीउ पुँजी रकम :

१. उन्नत जातको गाई र भैंसी खरीद गरी विमा गरिएका प्रति पशु रु. २०,०००/- का दरले अधिकतम रु.२,००,०००/- सम्म बीउ पुँजी  उपलब्ध गराइनेछ ।

२. उन्नत जातको माउ बंगुर खरीद गरी विमा गरिएका प्रति बंगुर रु.८,०००/- का दरले अधिकतम रु.२,००,०००/- सम्म ।

४. हाल संचालनमा रहेका फर्महरुले तोकिएको न्युनतम संख्याको आधा संख्यामा पशु थप गर्नुपर्नेछ ।

## परिच्छेद- १२
## व्यवसायिक खसी/बाख्रापालन कार्यक्रम

१. खसी/बाख्रापालन कार्यक्रम देहाय बमोजिम हुनेछ ।

१) कार्यक्रम संचालन अवधि: यो कार्यक्रम १.५ वर्षको अवधिसम्म सञ्चालन हुनेछ ।

२. व्यावसायिक खसी/बाख्रा फार्म निर्माण गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ ।

१. व्यवसायिक (खसी/बाख्रा फर्म)

- खसी बाख्रा फर्म राख्ने जग्गा लालपुर्जा, व्यक्ति/फर्म वा संचालकको नाममा हुनुपर्ने छ अथवा सम्वन्धित जग्गा दातासँग फर्मले जग्गा भोगचलनको लागी कम्तीमा ५ बर्षको लागी भाडामा सम्झौता भएको हुनु पर्ने छ ।
- खोर आधुनिक सुधारीएको हुनु पर्ने छ ।
- एउटा खोर वा फर्ममा कम्तीमा २० वटा माउ बाख्रा र खसी भएको हुनु पर्ने छ ।
- सबै  बाख्राको ट्यागीङ् गरि सो को अभिलेख सहित गाउँपालिकामा दर्ता भएको हुनु पर्ने छ ।
- खसी बाख्रा कम्पाउण्ड घेरावेरा गरी पाल्नुपर्ने छ ।
    - एकै ठाउंहरुमा चर्ने र एकै स्थानमा बस्ने बाख्राको हुललाई एक गोठ मानिने छ ।
    - कृषि क्षेत्र र बस्ती क्षेत्रमा छाडा तरीकाले छोड्न पाइने छैन।

३. कार्यक्रमबाट उपलब्ध गराइने बीउ पुँजी रकम :

(१) व्यवसायिक बाख्रापालन फार्म: यस कार्यक्रमका लागि न्युनतम रु १,००,०००।- देखि अधिकतम २,००,०००।- सम्म वीउ पूजी लगानी गरिनेछ ।

४. बीउ पुँजीको बापत यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाख्राको खोर निर्माण/सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङट्याकं, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् बोका खरिद/कृतिम गर्भधारण व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्ने छन् । यो रकमबाट बाख्राको दाना, औषधि, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइने छैन ।

## परिच्छेद-१३

## पन्छी विकास कार्यक्रम सञ्चालन प्रकृयाः

१. स्कीम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ

१. कार्यक्रम संचालन अवधि : यो कार्यक्रम १ वर्षको अवधिसम्म सञ्चालन हुनेछ।

२. (१) व्यावसायिक कुखुरा पालन (लोकल, लेयर्स, ब्रोइलर, गिरीराज, हाँस, टर्की, अष्ट्रिच): फार्म निर्माण गर्दा निम्न मापदण्डको दायरा भित्र रहि गर्नुपर्ने छ।

**निम्न :**

- कुखुराको हकमा कम्तीमा २०० देखी माथि लेर्यस/ब्रोईलर/गिरीराज कुखुरा पालन कार्यकममा समाबेस भएको हुनु पर्नेछ।
- अष्ट्रिचको हकमा १०, टर्कीको हकमा ५० तथा हाँसको हकमा १०० वटा कम्तीमा पनि पालन गरेको हुनुपर्नेछ।

३. बीउ पुँजी उपलब्धताको प्रकृया : कुखुराको लागि प्रति सय रु २०,०००/- दरले र अन्यको हकमा तोकिएको दरमा अधिकतम रु. २,००,०००/- बीउपुँजी उपलब्ध गराईनेछ।

## परिच्छेद-१४

## मत्स्य विकास कार्यक्रम

क. कार्यक्रम कार्यान्वयन अवधि १ बर्ष अवधिसम्म सञ्चालन हुनेछ ।

ख. माछापालन कार्यक्रमको लागि कम्ती ६ कट्ठा जग्गामा पोखरी हुनुपर्नेछ ।

ग. माछापालनको लागि न्युनतम १ लाखदेखि अधिकतम २ लाखसम्म लगानी गरिनेछ ।

# अनुसूची १
## व्यवसाय प्रवर्धन कोष मार्फत कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : ...............................

यस कार्यालयको आ.व. २०..../....... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई व्यवसाय प्रवर्धन कोष मार्फत स्वरोजगार प्रर्वद्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध वेरोजगार/बेरोजगार यस गाउँपालिकामा स्थायि वसोवास गर्ने युवाहरुले पेश गर्ने गरी यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ। पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सुचना द्वारा सुचित गरिन्छ।

१. अनुसुची २ अनुसारको आवेदन फाराम
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदी) को प्रतिलिपिहरु
५. कार्यविधि गाउँपालिकाको वेवसाईटमा हेर्न सकिनेछ।
६. थप जानकारीका लागि सम्पर्क : ०२३-४७५०८१

नोट : यस सुचनामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानुन र गाउँ कार्यपालिकको निर्णय वमोजिम हुनेछ।

# अनुसूची २

## व्यवसाय प्रवर्धन कोष मार्फत कार्यक्रम सञ्चालनको अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यु, कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय तोपगाछी, झापा ।

विषय : बीउ पुँजी उपलब्ध गराईदिने वारे ।

महोदय,

मलाई उक्त बीउ पुँजी प्राप्त गरी .................................. कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले बीउ पुँजी प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्च : तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल :

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. गर्न चाहेको पेशा व्यवसाय सम्वन्धीत निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, घरजग्गा भाडा सम्झौतापत्र आदी) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरणिय असरको न्युनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धी विवरण
८. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवद्धता

निवेदक नाम :
दस्तखत :
ठेगाना :

# अनुसूची ३

## कृषि तथा अन्य व्यवसाय प्रवर्धन कोषबाट अनुदान प्राप्त गर्नको लागि पेश गरिने संक्षिप्त व्यावसायिक कार्ययोजना :

गर्न चाहेको पेशा व्यवसायको नाम : सम्पर्क नम्वर:

ठेगाना: झापा जिल्ला कमल गाउँपालिका वडा नं............

टोल:.............................. पेशा/व्यवसाय गरिने स्थान:

व्यवसायिक हुन गरिने पेशा/व्यवसायको कार्य विवरण :

| क्र.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | निजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

पेशा व्यवसाय गर्ने व्यवसायिले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेश गर्नुपर्नेछ ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ..................... महिना ....................

२. पेशा/व्यवसायको किसिम :

३. पेशा/व्यवसायको कुल लागत :

४. पेशा/व्यवसायवाट लाभान्वित परिवार संख्या :

५. पेशा/व्यवसाय गरेको जग्गा को कुल क्षेत्रफल :

६. पेशा/व्यवसायका प्रयोग हुने प्रविधि :

९. पेशा/व्यवसायको लागि श्रमको व्यवस्थापन :

   क. पारिवारिक : महिला संख्या : .........., पुरुष संख्या : .............

   ख. वाहिरवाट : महिला संख्या : ..........., पुरुष संख्या : ............

१०.उत्पादित वस्तुको वजार : अपेक्षित वार्षिक प्रतिफल :

स्वरोजगार कोषबाट अनुदान प्राप्त गर्ने तर्फबाट सहि गर्ने :

नाम: संस्थाको छाप:

दस्तखत: मिति:

पहिलो

# अनुसूची ४

## कृषि तथा अन्य व्यवसाय प्रवर्धन कोषबाट अनुदान प्राप्त गर्ने परियोजना छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु

| क्र.स. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना (४०) | पेशा, व्यवसायको सम्भाव्यता/उपयुक्तता (२०) | अनुभव/तालिम (१०) | महिला (१०) | वैदेशिक रोजगारबाट फर्केको (१०) | जैविक तथा पर्यावरणिय सुरक्षा विधि (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको :

| | |
|---|---|
| नाम थरः | नाम थरः |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मितिः | मिति : |

| | |
|---|---|
| नाम थरः | नाम थरः |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मितिः | मिति : |

# अनुसूची ५

## कृषि तथा अन्य व्यवसाय प्रवर्धन कोषबाट अनुदान प्राप्त गर्ने युवाहरुले प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी
नाम :
ठेगाना :

२. सञ्चालित पेशा/व्यवसायको
नाम :
ठेगाना :

३. आ.व.:

४. प्रगति प्रतिवेदन अवधिः

| क्र.स. | कार्य विवरण | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चन | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्रि मुल्य :

१. ...................... २. ...................... ३. ............................

उद्यमिको नाम :
दस्तखत :
मिति :
ठेगाना :

# अनुसूची ६

## कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेती) बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

कमल गाउँपालिका

कृषि विकास शाखा

कृषि विकास कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : ..................

यस कार्यालयको आ.व. २०... /...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेती) बजार प्रवर्द्धन सम्वन्धी कार्यक्रमका माध्यमबाट स्वरोजगार प्रर्वद्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक व्यक्तिगत फर्म, कृषक समुह, कृषि सहकारीहरुले (तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेती मध्ये कुनै एक) कार्यक्रमको लागि यस गाउँपालिकाका स्थायि वसोवास गर्ने नागरिकहरुले पेश गर्ने गरी यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजाहरु संलग्न राख्न समेत यसै सुचनाद्धारा सुचित गरिन्छ ।

१. अनुसुची ७ अनुसारको आवेदन फाराम
२. अनुसुची ८ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी) को प्रतिलिपिहरु

# अनुसूची ७
## कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेती) बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रममा बीउपुँजी प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यु, कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय झापा ।

विषय : कृषि विकास सहयोग कार्यक्रम उपलब्ध गराईदिने वारे ।

महोदय,
मलाई उक्त बीउ पुँजी प्राप्त गरी .................. कार्य गर्न तिव्र इच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपशिल :**

१. अनुसुची ८ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. फार्म/समुह/समिति/सहकारी सम्वन्धीत निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोटको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरणिय असरको न्युनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धी विवरण
८. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवर्द्धता

निवेदक नाम :
दस्तखत :
ठेगाना :

# अनुसूची ८

## कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेती) बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमकाको संक्षिप्त व्यावसायिक कार्ययोजना

व्यावसायिक फर्मको नाम : सम्पर्क नम्वर :
ठेगानाः झापा जिल्ला कमल गाउँपालिका वडा नं.......टोल :...............
तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेती व्यवसाय गरिने स्थानः
व्यवसायिक तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेती गरिने कार्य विवरण :

| क्र.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | निजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

व्यावसायिक कार्य गर्ने व्यवसायिले न्युनतम अनुदान रकम बरावरको र कम प्रस्तावित योजनामा समावेस गर्नुपर्नेछ ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ................ महिना ................
२. तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेतीको जात :
३. तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेती गरेको जग्गाको क्षेत्रफल :
४. तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेती लगाउदा अवलम्वन गरेको पद्धति :
५. मौरीपालन गरेकोमा घार संख्या :
६. सिंचाईको अवस्था :
७. तरकारी वाली/अन्न वाली लगाइएको जग्गाको किसिम :
८. व्यवसायको लागि श्रमको व्यवस्थान :
   क. पारिवारिक : महिला संख्या : .........., पुरुष संख्या : ............
   ख. वाहिरवाट : महिला संख्या : .........., पुरुष संख्या : .........
९. उत्पादित वस्तुको वजार : अपेक्षित वार्षिक प्रतिफल :

व्यवसायि फर्म सञ्चालकको तर्फबाट सहि गर्नेको सही :
नाम : संस्थाको छाप :
दस्तखत : मिति :

# अनुसूची ९

## कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/आलुखेती) बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

कमल गाउँपालिका कृषि विकास शाखा मार्फत संचालन गरिने चालु आ.व. ........... को स्वीकृत लक्षित..................... कार्यक्रम संचालन गर्न कृषि विकास शाखा, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती............................ (यसभन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका कार्यक्रम संचालनका लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको............................व्यवसाय सञ्चालन गर्नेछ ।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्ने छन् ।
४. तरकारी खेती/मौरीपालन/च्याउखेती/आलुखेती लगाउने कृषकहरुले वालि विमा अनिवार्य गर्नुपर्ने छ ।
५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।
६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोश्रो पक्ष |
| कमल गाउँपालिका कृषि विकास शाखाको | युवा उद्यमी वा संस्थाको |
| तर्फबाट सहि | तर्फबाट सहि |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क फोन नं.: | सम्पर्क फोन नं.: |
| कार्यालयको छापः | संस्थाको छाप |
| | औठाको छाप : दायाँ बायाँ |

# अनुसूची १०

## पशु उत्पादन (गाई/भैंसी/राँगा/बंगुर/खसी बाखा पालन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

कमल गाउँपालिका

पशु विकास शाखा

पशुपालन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

तपशिल :

प्रथम पटक प्रकाशित मिति : ............................

यस कार्यालयको आ.व. २०... /...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन (गाई/भैंसी पालन, वाखा पालन तथा बंगुर पालन) सम्वन्धी कार्यक्रमका माध्यमबाट स्वरोजगार प्रर्वद्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध वेरोजगार/बेरोजगार युवाहरुवाट दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु पर्नेछ। पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजाहरु संलग्न राख्न समेत यसै सुचनाद्धारा सुचित गरिन्छ।

१. अनुसुची ११ अनुसारको आवेदन फाराम
२. अनुसुची १२ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी) को प्रतिलिपिहरु

# अनुसूची ११

## पशुपालन (गाई/भैंसी/राँगा पालन/वंगुर/खसी बाखा/पशुपंक्षी पालन तथा बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रममा बीउपुँजी सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्री कार्यालय प्रमुखज्यु, कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय तोपगाछी, झापा ।

विषय : पशुपालन (गाई/भैंसी/राँगा पालन/वंगुर/खसी बाखा/पशुपंक्षी पालन तथा बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रममा बीउपुँजी सहयोग कार्यक्रम उपलब्ध गराईदिने वारे ।

महोदय,

मलाई उक्त बीउ पुँजी प्राप्त गरी......................कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्च : तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल :

१. अनुसुची १२ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. फार्म/समुह/समिति/सहकारी सम्वन्धीत निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गाभाडा सम्झौता पत्र आदी) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोटको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरणिय असरको न्युनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धी विवरण
८. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवर्द्धता

निवेदक नाम :
दस्तखत
ठेगाना :

# अनुसुची १२
## पशुपालन (गाई/भैंसी/राँगा/बंगुर/खसी बाखा पालन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमकका संक्षिप्त कार्ययोजना

व्यावसायिक फर्मको नामः सम्पर्क नम्वरः
ठेगानाः झापा जिल्ला कमल गाउँपालिका वडा नं....... टोलः...............
गाई/भैंसी/बंगुर/खसी वाखा/कुखुरापालन व्यवसाय गरिने स्थानः
व्यवसायिक गाइ/भैंसी/खसी वाखा/कुखुरापालन गरिने कार्य विवरण :

| क्र.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | निजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

व्यावसायिक कार्य गर्ने व्यवसायिले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्नेछ ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो :
वर्ष ................ महिना ....................
२. गाई/भैंसी/बंगुर/खसी वाखा/कुखुराजातः
३. गाई/भैंसी/बंगुर/खसी वाखा/कुखुरा संख्याः
४. राँगा/वोका/गोरु संख्या :
५. गाई/भैंसी/बंगुर/खसी वाखा/कुखुरा पालन पद्धतिः
६. घाँसखेत गरेको/गरिने क्षेत्रफल :
७. घाँसको किसिम :
८. डाँलेघाँसको किसिम र संख्या :
९. व्यवसायको लागि श्रमको व्यवस्थान :
क. पारिवारिक : महिला संख्या : ........., पुरुष संख्या : ..............
ख. वाहिरवाट : महिला संख्या : ..........., पुरुष संख्या : .............
१०. उत्पादित वस्तुको वजार : अपेक्षित वार्षिक प्रतिफल :

व्यवसायि फर्म सञ्चालकको तर्फबाट सहि गर्नेको सही :

नामः संस्थाको छापः
दस्तखतः मितिः

## अनुसुची १३

## पशु उत्पादन (भैंसी पालन/खसी बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचाालनको लागि गरिने सम्झौता-पत्र

कमल गाउँपालिका पशु विकास शाखा मार्फत संचालन गरिने चालु आ.व. ......को स्वीकृत लक्षित ................ कार्यक्रम संचालन गर्न पशु विकास शाखा, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ..................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका कार्यक्रम संचालनका लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ............................ व्यवसाय सञ्चालन गर्नेछ ।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।
४. गाई/भैंसी/बंगुर/खसीवाखा/कुखुरापालन गर्ने व्यवसायी कृषकहरुले पशु विमा अनिवार्य गर्नुपर्ने छ ।
५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।
६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| कमल गाउँपालिका पशु विकास शाखाको तर्फबाट | युवा उद्यमी वा संस्थाको तर्फवाट |
| नामः | नाम |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

# अनुसुची १४
## पशु उत्पादन गाई/भैंसी/बंगुर/खसी वाखा/कुखुरा पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचाालकको लागि छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु

| क्र.सं. | वडा नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (१०) | अनुभव/तालिम (१०) | पालिरहेको पशु पन्छीको संख्या (२०) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल (१५) | वैदेशिक रोजगार वाट फकेर्को (१०) | जैविक तथा पर्यावरणिय सुरक्षा विधि (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको :

नाम थरः
पद :
दस्तखत :
मितिः

नाम थरः
पद :
दस्तखत :
मिति :

नाम थरः
पद :
दस्तखत :
मितिः

नाम थरः
पद :
दस्तखत :
मिति :

# अनुसूची १५

पशु उत्पादन गाई/भैंसी/बंगुर/खसीवाखा/कुखुरा/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमका प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको
   नामः
   ठेगानाः

२. सञ्चालित व्यवसायको
   नामः
   ठेगानाः

३. आ.व.:

४. प्रगति प्रतिवेदन अवधि :

| क.स. | कार्य विवरण | लक्ष्य | प्रगति | आईपरेका वाधा अड्चन | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्रि मुल्य :

१..................... २......................... ३..........................

उद्यमिको नाम : दस्तखत :

मिति : ठेगाना

आज्ञाले,

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत